# अग्रता साप्ताहिक
Agrata Weekly

वर्ष ४ अङ्क २ पूर्णाङ्क १२४ | चितवन जि.प्र.का.द.नं. १६८/०७२/०७३ चि.जि.हु.का.द.नं. ४/०७३/०७४ | मूल्य रु.५।– (पृष्ठ–६) | २०७६ साउन १४ गते मङ्गलबार (Jul 30, 2019)


## सूचना

चितवनबाट आ.व. २०७५/०७६ मा हरेक **शनिबार** प्रकाशित भईरहेको अग्रता साप्ताहिक अब हरेक **मङ्गलबार** प्रकाशित हुने सम्पूर्ण पाठक, विज्ञापनदाता एवम् शुभेच्छुकहरूमा जानकारी गराईन्छ। –सम्पादक

सम्पर्क :
weeklyagrata@gmail.com

अग्रता साप्ताहिक Agrata Weekly

# रंगशाला बनाउन चितवन जुरूक्क



**शान्ता अधिकारी**

भरतपुरमा निर्माण हुने गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम सुरू भएसँगै चितवनवासीहरू एकजुट भएर सहयोग रकम जुटाउन थालेका छन् । जेठ १५ मा भएको घटनापछि रोकिएको रंगशाला निर्माणको काम पुनः सुरूभएसँगै चितवनमा सहयोग समिति निर्माण हुँदै रकम संकलन गर्ने कामले तीव्रता पाएको छ। रंगशाला निर्माणका लागि चितवनमा क्रियाशील विभिन्न संघसंस्थाले रकम प्रदान समेत गरेका छन् । चितवनका स्थानीय तहमा रंगशाला निर्माण सहयोग समिति गठन गरेसँगै रंगशाला निर्माणमा यहाँका राजनीतिक दल, उद्योगी व्यवसायी तथा चितवनवासीले अपनत्व देखाएको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले बताइन् ।

भरतपुर महानगरपालिकाका कर्मचारी र जनप्रतिनिधिले धुर्मुस सुन्तली फाउण्डेसनलाई साढे ५१ लाख रूपैयां सहयोग गरेका छन् । निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणार्थ नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिले सो रकम सहयोग गरेका हुन् ।

आइतबार भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले ५० लाख रूपैयांको चेक धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेललाई हस्तान्तरण गरिन् । यो रकम भरतपुर महानगरपालिकाका २९ वटै वडाका कर्मचारी र जनप्रतिनिधिहरूबाट संकलन गरिएको हो । कर्मचारीको तीन दिनको तलब तथा नगर कार्यपालिकाका सदस्यहरूबाट एक महिनाको पारिश्रमिक बापतको रकम दाहालले प्रदान गरेकी हुन् ।

त्यस्तै, महानगरका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद सुवेदीले आफ्नो व्यक्तिगत तर्फबाट एक लाख ५१ हजार एक सय ५१ रूपैयांको चेक समेत कट्टेललाई प्रदान गरेका छन् ।

कार्यक्रममा महानगर प्रमुख दाहालले रंगशाला निर्माणका लागि जिल्लाबासीहरू जुरमुराएको बताइन् । क्रिकेट रंगशाला राष्ट्रिय गौरवको आयोजना भएकाले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा महोल सिर्जना गर्नुपर्नेमा जोड दाहालले जोड दिइन् ।

रंगशाला निर्माणका लागि महानगरपालिकाले चालू आर्थिक वर्षमा ५ करोड ४५ लाख रूपैयां विनियोजन गरिसकेको छ । प्रदेश नम्बर ३ बाट पनि रू ५ करोड विनियोजन भएको छ । रंगशालाको अहिले डिपिआर निर्माणको काम तीव्र रूपमा अघि बढिरहेको फाउण्डेसनका अध्यक्ष सिताराम कट्टेलले जानकारी दिए । गत माघ १६ गते धुर्मुस–सुन्तली फाउण्डेसन र भरतपुर महानगरपालिकाबीच रंगशाला निर्माणका लागि सम्झौता भएको थियो ।

यसैबीच कार्यक्रममा चितवन उद्योग संघले रू १२ लाख ७५ हजारको चेक हस्तान्तरण गरको छ । चितवन उद्योग संघका अध्यक्ष भेषराज दुवाडीले फाउण्डेसनका अध्यक्ष सिताराम कट्टेललाई सो चेक हस्तारण गरेका हुन् ।

गत माघ १६ गते रंगशाला निर्माण घोषणा कार्यक्रममा संघले रू ५१ लाख दिने घोषणा गरको थियो । घोषणा गरेको रकममध्ये पहिलो किस्ता बापत आइतबार यो रकम फाउडेशनलाई दिएको हो । अब बाँकी रकम चाडै हस्तारण गर्ने अध्यक्ष दुवाडीले बताए ।

कार्यक्रममा अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ गैंडाकोटले दोस्रो किस्ताको रकम हस्तान्तरण गरको छ । कलेजका प्रिन्सिपल हरि भण्डारीले रू २ लाख ३३ हजार फाउण्डेसनका अध्यक्ष कट्टेललाई हस्तान्तरण गरे । कलेजले क्रिकेट रंगशाला निर्माण गर्न सात लाख ७७ हजार सात सय ७७ रूपैयां सहयोग गर्ने घोषणा गरेको थियो ।

रंगशाला निर्माण गर्न चितवनका विभिन्न संघ–संस्थाले सहयोग गर्ने घोषणा गरेका छन् । हंश बहुउद्देश्यीय सहकारी संस्थाले यसै हप्ताभित्र १० लाख रूपैयां सहयोग गर्ने घोषणा गरेको छ । कार्यक्रममा संस्थाका अध्यक्ष दिनेशकुमार चुकेले सो रकम घोषणा गरेका हुन् । चितवनको अर्को सहकारी सर्वशक्ति बचत तथा ऋण सहकारी संस्थाले पांच लाख ५५ हजार पांच सय ४४ रूपैयां सहयोग गर्ने संस्थाका मित्रराज दवाडीले बताए ।

लायन्स क्लब अफ इन्टरनेसनल ३२५ बी २ ले समेत बोर्ड मिटिङबाट पर्याप्त सहयोग गर्ने जनाउंदै क्लबका सेकेण्ड डिष्ट्रिक भाइस गभर्नर रामप्रसाद भट्टले व्यक्तिगत रूपमा एक लाख एक हजार एक सय ५४ रूपैयां सहयोग गर्ने घोषणा गरेका छन् । चितवन जिल्ला बचत तथा ऋण सहकारी संस्थाले एक लाख रूपैयां दिने र जिल्लाका अन्य सहकारीहरूसंग सहकार्य गर्दै सहकारीबाट एकमुष्ट रकम प्रदान गर्ने जनाइएको छ । त्यस्तै आशा अस्पतालका सञ्चालक नारायणसिंह कुंवर र डा शारदा कुंवर दम्पतीले १० लाख रूपैयां चाँडै नै दिने घोषणा गरेका छन् । जेठ १५ गते स्थानीयवासीले बाटोको विवादलाई लिएर अस्थायी बार भत्काएपछि निर्माणको काम रोकिएको थियो । साउन सात गतेबाट शुरू भएसँगै सहयोग रकम जुट्न थालेको छ । भरतपुर महानगरपालिका वडा नं १५ मा सो रङ्गशाला निर्माण गर्न लागिएको हो । आगामी दसैंसम्म रंगशालाको डीपीआर निर्माण सक्ने गरी काम अगाडि बढेको फाउण्डेसनले जनाएको छ ।

# गृहिणीलाई तरकारीकै चिन्ता

**विचित्र पौडेल**

भरतपुर । अहिले साझ र बिहान गृहिणीहरूलाई तरकारी के पकाउने भनेर पिरोल्न थालेको छ ।

बजारमा आलु सटेज भएको छ भने अन्य तरकारीहरूको भाउ आकासिएको छ । तरकारीमा भएको मूल्यवृद्धिसँगै विपन्न परिवारलाई साँझ बिहान के तरकारी खाने भन्ने चिन्ता बढेको छ ।

दुई हप्ताअघिसम्म प्रतिकिलो रू ८० पर्ने भिन्डी अहिले रू १०० पुगेको छ भने सिमी रू ६० बाट ९० पुगेको छ । यस्तै मूल्य बढेर नयाँ आलु रू ५५, पुरानो आलु रू ३५, प्याज रू ६०, लौका रू ७०, तानेबोडी रू १४०, काउली रू १२०, भेडेखुर्सानी रू १२०, हरियो तरकारी सानो मुठाको रू २५, गोलभँडा रू १२०, हरियो खुर्सानी रू १०० पुगेको छ ।

सागसब्जीको चर्को मूल्यवृद्धिसँगै यसको कारोवार किलोमा भन्दा पाउको हिसाबमा गर्ने गरिएको भरतपुरमा विगत सात वर्ष देखि तरकारी व्यापार गर्दै आएका शम्भु भण्डारी बताउछन् ।

उनले भने, मूल्यवृद्धिले सबैभन्दा बढी मारमा विपन्न वर्ग परेका छन् । अरू महिनाको भन्दा वर्षायाममा साग तरकारीको मूल्यवृद्धि हुने गर्दछ ।

यस वर्षको वर्षामा अचाक्ली ढंगले मूल्यवृद्धि भएको अर्का उपभोक्ता केशव जोशीले बताए । मूल्यवृद्धि अस्वभाविक ढंगले बढ्दै गएको भए पनि यसको अनुगनम गरी मूल्य नियन्त्रण गर्नेतर्फ कसैको पहल नभएको गुनासो उपभोक्ताको छ । साग तरकारी उत्पादक किसानले उचित मूल्य पाउन सकेका छैनन्, भाउ बिचौलियाको नियन्त्रणमा छ, स्थानीय उपभोक्ता जीवन धामीले भने, मूल्य आकाशिँदासम्म पनि यसको भाउ नियन्त्रण गर्नेतर्फ कसैको चासो देखिँदैन ।

# सामुदायीक वनमा वृक्षरोपण

**अग्रता सम्वाददाता**

भरतपुर । पर्यापर्यटनबाट राम्रो आम्दानी गर्दै आएको चितवनको कुमरोज मध्यवर्ती सामुदायिक वनले वन संरक्षणका लागि एक हप्ते वृक्षारोपण अभियान सुरू गरेको छ ।

खैरहनी नगरपालिका वडा नम्बर १२ र १३ मा पर्ने कुमरोज वनले सुरू गरेको वृक्षरोपण अभियानको एक समरोहका विच खैरहनी नगरका प्रमुख लालमणि चौधरीले सिसौँको विरूव रोपेर सुरू गरेका थिए ।

सो अवसरमा बोल्दै मेयर चौधरीले संरक्षण विना विकास असम्भव रहेको भन्दै वृक्षारोपण गर्ने अभियानमा नगरपालिकाले पनि सहकार्य गर्ने बताए ।

उनले वृक्षारोपण गर्द आम उपभोक्ताहरूलाई छिटो प्रतिफल र पशुपालनमा सहयोग पुराउने ढालेघाँस प्रजातिका विरूवा रोप्नुपर्नेमा जोड पनि दिए ।

मेयर चौधरीले नगरमा मौरीपालनका लागि कंकाली क्षेत्रलाई पकेट क्षेत्र मानेर ५ हजार चिउरीको विरूवा समेत रोप्न लागेको बताए ।

मुलुककै पर्यटकीय गन्तव्य सौराहा नजिक रहेको यस वनले जीप सफारी, हात्ती सफारी, डुगां सफारी र मचान बासबाट राम्रो बार्षिक २ करोड बढी आम्दानी गरेको जानकारी दिदै वन वन समुहका अध्यक्ष गणेशकुमार श्रेष्ठले वनमा खाली रहेको ९ वटा ब्लक बनाएर १ लाख ७६ हजार वटा विभिन्न प्रजातिका विरूवाहरू लगातार रूपमा एक हप्ता सम्म रोप्ने बताए ।

वनले यस पटक बकैना, सिसौं, खयर, अमला र फलफुलका अन्य जातका विरूवमा रोप्न थालेको उनले बताए ।

वन झण्डै ३ लाख रूपैयाँ बढी खर्च गरि आफ्नै नर्सरीबाट विरूवा उत्पादन गरि वृक्षारोपण अभियान थलेको वनका उपाध्यक्ष सानुकाजी कुवँरले बताए ।

वृक्षारोपण अभियान चितवन निकुञ्जका पूर्वी सेक्टर प्रमुख ऋषिराम रानाभाट, खैरहनी वडा १३ का अध्यक्ष बालकुमार उप्रेती, बुढी राप्ती उपभोक्ता समितिका अध्यक्ष नारायणदत्त तिमिल्सीना, वन समुहका सचिव श्यामकुमार वराकोटी, कार्यालय सचिव भरत नेपाल, समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियानका अध्यक्ष ईश्वरी पाठक लगायतले वन संरक्षणमा वृक्षारोपण अभियान निकै प्रभावकारी काम भएको बताए ।

वन समुह ७ सय ४५ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

# अण्डा संघमा केसीको नेतृत्व

**अग्रता सम्वाददाता**

भरतपुर । नेपाल अण्डा उत्पादक संघको केन्द्रीय अध्यक्षमा अत्याधिक मतका साथ पुनः शिवराम केसीको विजयी भएका छन् ।

संघको विशेष अधिवेशनबाट केसीले आफ्ना निकटतम प्रतिस्पर्धी रघुनाथ भट्टलाई दुई सय १४ मतले पछि पार्दै विजयी भएका हुन् ।

पाँच सय ९० मत खसेकोमा केसीले तीन सय ९७ मत प्राप्त गर्दा भट्टले एक सय ८३ मत मात्रै प्राप्त गरेका थिए । अध्यक्षका लागि खसेको भोट मध्ये तीन मत बदर भएको थियो ।

विशेष अधिवेशनबाट निर्वाचित भएपछि अध्यक्ष केसीले सबै व्यवसायीलाई मिलाएर अगाडि बढाउने बताए ।

अण्डा उत्पादनका लागि किसानको लागत अनुसारको मूल्य तोक्नका लागि सरकारसँग सहकार्य गर्ने केसीले बताए ।

गत जेठ २४ गते भएको संघको १५ औं साधारणसभाबाट संघमा विवाद चुलिएर समान्तर समिति बनेपछि स्थानीय प्रशासनले संघको नयाँ अधिवेशन तोकेको थियो ।

यसअघि संघका अध्यक्ष त्रिलोचन कँडेल विरूद्ध अविश्वासको प्रस्ताव पेशगरि बहुमत सदस्यहरूले शिवराम केसीलाई अध्यक्ष बनाएको थियो ।

शनिबार भएको विशेष अधिवेशनको निर्वाचनमा ८४ प्रतिशत मत खसेको थियो । सो अधिवेशनमा एक जना अध्यक्ष र ६ जना सदस्यको लागि भएको निर्वाचनमा १४ जनाको उम्मेदवारी परेको थियो ।

निर्वाचनबाट किरण भुषण ओलीले ३ सय ८८, प्रविण केसीले ३ सय ७, विनोद अधिकारीले ३ सय १७, भरत कार्कीले ३ सय १०, राजकुमार श्रेष्ठले ३ सय ५९ र ललितबहादुर जिसिले २ सय ६६ मत पाई विजयी भएका छन् ।


# नेपालको संविधानमा थारूको अधिकार

*नेपालको संविधानमा थारूको अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ।*

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका थारु लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने।
- सामाजिक रुपले पछाडि परेका था– समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने।
- संवैधानिक निकायको –पमा एक था– आयोगको व्यवस्था गरिएको।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने।
- संवैधानिक आयोगको –पमा राष्ट्रिय समावेशी आयोगकोव्यवस्था गरिएको।
- नेपाली सेनामा था– समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने।
- जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने।

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

अग्रता Agrata Weekly साप्ताहिक

सम्पादक/प्रकाशकः शान्ता अधिकारी
कार्यालय : भरतपुर-११, बसेनी, चितवन
सम्पर्क कार्यालय :
मिडिया क्राफ्ट नेपाल, भरतपुर-१०
मोबाइल नं: ९८५१२३५३११/९८४५३६४१६५
Email : weeklyagrata@gmail.com
Web : www.chitawan.com
मुद्रकः कालिका छापाखाना, नारायणगढ

अपराधभन्दा पनि यो खराब छ त्यो हो त्रुटि ।-एन्थोनी बुलाडिल

## सम्पादकीय

# वर्षाको मार

केही समय अगाडीदेखि आएको अविरल वर्षाका कारण धेरै ठाउँमा बाटोगाटो बन्द हुन पुगेको छ। जसका कारण महिला बालबबालिका तथा जेष्ठ नागरिकहरू वढी मारमा परेका छन्। पिडीहरू समक्ष राहत पुग्न सकेको छैन, भने अन्यलाई पनि यात्रा गर्न कठिनाई भएको छ। राहत प्याकेज लिएर पीडित बस्ती र गाउँ पुग्नका लागि सरकारी तवरबाट हेलिकप्टर प्रयोग भएपनि अन्यलाई भने असहज भएको छ। बाटाघाटा र पुलपुलेसा क्षतिग्रस्त हुँदा यातायातका अरु साधनको प्रयोग हुन सकेको छैन, जसले उद्धार र राहत अभियानलाई पनि निकै हदसम्म प्रभावित गरेको छ। यतिबेला सरकारको प्रमुख प्राथमिकतामा स्थलमार्गबाट आवागमनलाई सहज तुल्याउने र राहत पुराउने हुनुपर्छ।

देशको पुर्वभाग डुवानमा परेका छन्भन पहाडी क्षेत्रमा पहिरो गएर कयौ घर गाँउ नै बगाएको छ। यद्धपी वर्षाको क्रम केही रोकिए र पानीको सतह घट्दै गएको छ, यद्यपि यसैमा सन्तुष्ट भएर बस्ने बेला भने अव छैन। सरकारको मुख्य प्राथामिकता अब ती अवरोध हटाउनेतर्फ केन्द्रित हुनुपर्छ। क्षेतिग्रस्त सडकहरु मर्मत गर्ने, अवरोध हटाएर आवागमन हुनसक्ने व्यवस्था गर्नेतिर सरकारका सम्बद्ध संयन्त्रहरु परिचालन हुनुपर्छ। उद्धार र राहतसँगै सरकारले आवागमन सहज बनाउनेतर्फ सक्रियता देखाउनु जरूरी छ।

देशको पूर्वि भागमा सम्पर्क र समन्वयको लागि अति आवश्यक दूरसञ्चार सेवा पनि यतिबेलै प्रभावित भएको छ। यो राहत र उद्धार कार्यमा खटिएकाको लागि अर्को टाउको दुःखाइको विषय भएको छ। बिजुली र टेलिफोन सम्पर्क विच्छेदसँगै इन्टरनेट सेवा पनि प्रभावित भएको छ। यी सेवा नहुँदा बाढीग्रस्त क्षेत्रमा उद्धार र राहतमा खटिएकाहरुबीचको समन्वयमा कठिनाइ आइपरेको छ। वर्षा रोकिएर पानीको सतह घट्दै जाँदा अब यी अप्ठेराबाट निस्केर नियमित जीवनमा फर्कनुको विकल्प छैन। सरकारले बाढीपीडित नेपालीजनलाई नियमित जीवनमा फर्काउन आफ्ना सबै संयन्त्र र शक्ति परिचालन गर्नुपर्छ।

नागरिकका हरेक खाले अधिकारको सुनिश्चितता गर्ने दायित्व सरकारको हो। त्यसकारण विपद्बाट गुज्रेका नेपालीजनको लागि उद्धार, राहत र पुनर्स्थापना पहिलो प्राथमिकता हुनुपर्छ। यी न्यूनतम र आधारभूत सेवा उपलब्ध भएपछि आम मानिसले सुरक्षित रहेको अनुभूति गर्न सक्छन्। त्यसकारण पनि आवागमन सहज बनाउँदै यी अत्यावश्यक सेवा उपलब्ध गराउने विषयमा सरकारले ढिलाइ गर्नुहुन्न।

अग्रता साप्ताहिकमा
समसामयिक विषयमा
लेख, रचना पठाउनुहुन अनुरोध छ।
लेख, रचना हाम्रो इमेल ठेगाना
weeklyagrata@gmail.com
मा पठाउन सक्नु हुनेछ।
स्तरीय लेख रचनालाई
स्थान दिईने छ।
-सम्पादक

अग्रता Agrata Weekly साप्ताहिक

# बजारमा श्रम विभेद

केन्द्रीय तथ्याङ्क विभागले केही दिनअघि नेपाल श्रम सर्वेक्षणको नतिजा सार्वजनिक गर्‍यो। त्यसमा नेपालको श्रमबजारमा रहेको श्रमशक्ति, रोजगारको अवस्था, औसत ज्याला लगायतमा महिला तथा पुरूषको अवस्था झल्कने तथ्याङ्कहरु छन्, जसबाट श्रम तथा रोजगारका क्षेत्रमा छन्, सम्बन्धित निकायले अध्ययन गर्नुपर्ने विषय हो।

यस सम्बन्धमा यथार्थ कारण पहिचान गरी तिनको समाधान हुने गरी नीति तथा कार्यक्रमहरुमा परिमार्जन गर्नु आवश्यक छ।

विद्यमान ऐन-कानुनको प्रभावकारी



## महिला आवाज -प्रभा बराल

महिला र पुरूषबीच उच्च लैंगिक असमानता रहेको प्रस्ट हुन्छ।

हुन त यी तथ्यांक अन्तराष्ट्रिय श्रम संगठनको परिभाषा र मापदण्डलाई आधार मानी उत्पादन गरिएका हुन्, तैपनि विगतको परिभाषा र मापदण्डमा केही परिवर्तन भएको उल्लेख गरिएकाले यहाँ तेस्रो श्रम सर्वेक्षण, २०७४र७५ बाटप्राप्त नतिजालाई मात्र लैंगिक आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ।

उक्त सर्वेक्षणमा सातै प्रदेशका सहरी तथा ग्रामीण क्षेत्रबाट १८,००० घरपरिवारलाई समावेश गरिएको देखिन्छ। सर्वेक्षणको समयमा जनसंख्या करिब २ करोड ९० लाख थियो, जसमा काम गर्ने उमेर समूहका १५ बर्षमाथिका करिब २ करोड ७ लाख थिए। यो कुल जनसंख्याको ७१.५ प्रतिशत हो। त्यसमध्ये पुरूष ४४.४ प्रतिशत देखिन्छन् भने महिला ५५.६ प्रतिशत।

अर्थात्, काम गर्ने उमेर समूहका १०० पुरूषमा महिला १२५ जना। तथापि श्रमबजारमा सो उमेर समूहमा काम गर्न उपलब्ध श्रमशक्ति भने ३८.५ प्रतिशत मात्र छ। तिनमा पुरूष ५३.८ प्रतिशत छन् भने, महिला जम्मा २६.३ प्रतिशत। श्रमबजारमा आउने श्रमशक्ति भनेको काम गरिरहेका रोजगार तथा कामको खोजी गरिरहेका वा कामकोलागि उपलब्ध बेरोजगारहरुको योगलाई मानिन्छ।

काम गर्ने उमेर समूहका ३४.२ प्रतिशत मात्र कुनै न कुनै प्रकारको रोजगारमा संलग्न छन्। तिनमा पुरूष ४८.३ प्रतिशत र महिला २२.९ प्रतिशत छन्। रोजगार महिलाहरुको ठूलो हिस्सा अनौपचारिक क्षेत्र या कृषि क्षेत्रमा संलग्न छ। बेरोजगारी दर पुरूषको १०.३ प्रतिशत हुँदा महिलाको १३.१ प्रतिशत छ। तलब र ज्याला प्राप्त गर्नेहरुको औसत मासिक आम्दानी १७,८०९ रूपैयाँ रहेकामा पुरूषको १९,४६४ र महिलाको १३,६३०रूपैयाँ छ। यसअनुसार नेपाली महिलाले पुरूषका तुलनामा औसत मासिक ५,८३४ रूपैयाँ (३० प्रतिशत) कम कमाउँछन्।

यसले के देखाउँछ भने, काम गर्ने उमेर समूहका महिलाको संख्या उल्लेखनीय भए पनि श्रमशक्ति सहभागिता र रोजगारीमा भने महिलाहरु पुरूषभन्दा धेरै पछाडि छन्।

यति ठूलो जनशक्ति किन श्रमबजारमा आउन चाहँदैन र के व्यवधान कार्यान्वयनका अलावा महिलाहरुमा आत्मविश्वास अभिवृद्धि, घरबाहिरका काममा जान प्रोत्साहन तथा व्यावसायिक सीप तथा क्षमता विकास गर्नुका साथै हिंसा, शोषण र भेदभावको अन्त्य गरी कार्यक्षेत्र महिलामैत्री बनाउनु आवश्यक छ।

लैंगिक समानता तथा सशक्तीकरणको सूचकमध्ये व्यवस्थापकीय पदमा रहेका पुरूष र महिलाको अनुपात पनि एक हो। यसमा पुरूष ८६.८ प्रतिशत छन् भने महिला जम्मा १३.२ प्रतिशत।

मलेसियामा सन् २०१६ सम्ममा ३० प्रतिशत महिलालाई उच्च व्यवस्थापकीय तहमा पुर्‍याउने नीति अवलम्बन गरिएको थियो। परिणामस्वरुप हाल ३५ प्रतिशतभन्दा बढी महिला त्यस्ता पदमा छन्।

नेपालमा अझै पनि महिलाले घरभित्रका परम्परागत भूमिका पनि निर्वाह गर्नुपर्ने हुनाले उपल्ला पदप्रति कम महत्त्वाकांक्षा राख्ने गर्छन्।

सक्षम हुँदाहुँदै पनि उच्च तहमा पुग्नका लागि आवश्यक अनौपचारिक सम्बन्ध बनाउन नसक्नु, नेतृत्वबाट महिलाको कार्यक्षमतालाईकमजोर आकलन गर्ने प्रवृत्तिहुनु, रणनीतिक कौशलको कमी हुनु पनि यसका कारण हुन सक्छन्।

उक्त तथ्याङ्क अनुसार, नेपालमा १५.४ प्रतिशत औपचारिक र ८४.६ प्रतिशत अनौपचारिक रोजगारी छ। औपचारिक क्षेत्रको विस्तार अपेक्षित रुपमा हुन सकेको छैन।

श्रमशक्तिको मुख्य हिस्सा, करिब ७९.१ प्रतिशत, माध्यमिक तहको पढाइ पनि पूरा नगरेको छ। उच्च तहको शिक्षा प्राप्त गरेसँगै श्रमशक्ति सहभागिता दर र रोजगारीमा सुधार भएको तथ्याङ्कले देखाउँछ।

सामान्यतस अनौपचारिक क्षेत्रमा शैक्षिक अवस्था कमजोर भएका, कम दक्षता भएका, औपचारिक क्षेत्रले तोकेको समयमा काम गर्न नसक्नेजस्ता जोखिमोन्मुख व्यक्ति संलग्न हुन्छन्। अनौपचारिक क्षेत्रलाई मर्यादित रोजगारीका रुपमा विकास गर्न औपचारिक क्षेत्रको रणनीतिक विस्तारका साथै उपयुक्त सामाजिक सुरक्षाको व्यवस्था अवलम्बन गर्नु आवश्यक देखिन्छ।

*जेष्ठ २२, २०७६ मा प्रकाशित कान्तिपुरबाट*

सिनर्जी एफ. एम. ९१.६
91.6 MHz चितवनको आवाज
बहान सबेरै पौने ६ बजे,
सिनर्जी डायरी
पत्रपत्रिकामा छापिएका देश विदेशका ताजा खबर
साथमा, विचार एवम् विश्लेषण
सिनर्जी डायरी
सुन्न नविर्सनुहोला
लोकप्रिय रेडियो सिनर्जी एफ. एम. ९१.६ मेगाहर्जमा

धादिङबेसीसम्मको यात्रा गर्नु परेमा
भण्डारा, पर्सा, टाँडी हुँदै नारायणगढ पोखरा बसपार्कबाट धादिङ बेसीसम्म र धादिङ बेसीबाट नारायणगढ हुँदै टाँडी, पर्सा, भण्डारासम्मको यात्रा गर्नुपरेमा नारायणी यातायातबाट सञ्चालित बस नं. ११८२, ९५५७, २९९७ र ९३४७ लाई सम्झनुहोस् ।
नारायणगढबाट छुट्ने समय : बिहान ७:३० बजे
अग्रिम बुकिङ पनि खुल्ला छ ।
सम्पर्क : ९८४१६३९९११ (कृष्ण)
९८६००५७५९४ (शरण), ९८४०२९१५२९ (राजेश), ९८४१८१४७३० (सेढाई)

राजथला टुर्स एण्ड ट्राभल्स
खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!
नारायणगढदेखि दिल्लीसम्मको दैनिक A/C तथा Non A/C सिधा बस सेवा
हाम्रा सेवाहरू :
नारायणगढदेखि जयपुरसम्म
दिल्ली
- नारायणगढदेखि दिल्लीसम्म (९८५५०५४९१२, ९८६५९६४०९९)
- रिजर्भ तथा टुरका लागि (९८०२०५४९१२, ९८०१०६४०९९)
- शुभ-विवाह, भ्रमण, दार्जलिङ, सिक्कीम, नैनिताल, टुरप्याकेजको पनि व्यवस्था भएको ।
- अल इन्डिया र अल नेपालको तिर्थस्थलको भ्रमण पनि गराइन्छ ।
- नारायणगढबाट सुनौली, लखनउ, आगरा, मथुरा, वृन्दावन हुँदै दिल्लीको सरोजीनीनगरसम्म (दुई तर्फी टिकटको व्यवस्था छ ।)
सम्पर्क : राजथला टुर्स एण्ड ट्राभल्स
पुलचोक, नारायणगढ, चितवन फोन नं. ०५६-५३०५७३, ५२२३६१
नोट : भारत भ्रमणमा नागरिकता अनिवार्य छ ।

रोजगारीको अवसर
एक बहुराष्ट्रिय कम्पनीमा वेरोजगारी युवायुवतीहरूलाई रोजगारीको सुवर्ण अवसर ।
Post : Assist. Manager and Branch Manager
Qualification : SEE, +२, Graduate above
Age : Below 28 yrs.
Income : Rs. 5000-10000 (During Training)
Rs. 35000 above (After training)
Note : दर्ता फि, Free training/Promotion/Fly in abroad, etc.
Contact
9826120828, 9815200613
सहिदचोक, प्रेम मार्केटभित्र

तु. आवश्यकता
Direct Job, No Interview
रिसेप्सनिस्ट- ३ जना
सेल्समेन/हेल्पर-४/५ जना
वेटर/क्लिनर-३/४ जना
एकाउन्टेन्ट- २ जना
मार्केटिङ-३ जना
कुक/कुक हेल्पर-२/२ जना
गार्ड/फ्याक्ट्री हेल्पर- १/३ जना
स्टोरकिपर/कलेक्टर-२/३ जना
ANM/CMA- १/१ जना
IELTS/Part teacher- २/२ जना
कटिङ/पेस्टिङ- १/१ जना
क्लिनर (पुरुष)- ५ जना
सम्पर्क : नेशनल जव लिंक
भरतपुर-१०, चौबीसकोठीबाट पुरानो CMS जाने बाटो, फोन : ०५६-५३३१९३
सम्पर्क : ९८५५०१७३७०, ९८२१२८७००६, ९८४५४१७३७० (टाँडी सम्पर्क)

आनन्द कोलोनी - आस्थाचोक
बैक फाईनान्स को सुविधा सहित



अढाई तल्ले आधुनिक घर बिक्रिमा
➤ साढे ११ धुर मा वनेको २०५० sqft को भुकम्प प्रतिरोधि भवन हरु
➤ २ लिभिङ्ग रुम, २ वटा अटेच टवाईलेट वाथरुम भएको मास्टर्स वेडरुम
➤ १ चिल्ड्रेन्स रुम, १ कीचन रुम (मोडुलर किचन, अटोमेटीक चिम्नि)
मास्टर्स वेडरुम मा १ टन को ए.सि. फिटिङ्ग गरिएको, प्रत्येक कोठामा फिक्स दराज तथा वैठक कोठा मा टि.भि. सो केस ७००० Ltr को रिजर्भ टैंक.सोलर गिजर.
Interlocking पार्किङ्ग, कार पोर्च, वैठक कोठा, किचन र भरेङ्ग मा टायल मार्वलीङ्ग गरिएको
सम्पर्क ९८५५०५९८५३, ९८०२९५६०२५, ०५६-५२७१८९

# क्यान्सरबाट बचौं र बचाऔं

क्यान्सर रोग लागेमा शरीरमा भएको कोषहरु असामान्य र अनियन्त्रित रुपले बृद्धि भएर अन्य भागमा पनि सर्दछ । क्यान्सर एक जटील रोग भएता पनि ४० प्रतिशत रोकथाम गर्न सकिने, एक तिहाई क्यान्सर समयमा उपचार गरी निको पार्न सकिने र बाँकीलाई पनि उचित उपचारबाट आयु लब्याउन सकिन्छ ।

त्यसैले निम्न चिन्ह र लक्षणहरु देखिएमा क्यान्सर पनि हुन सक्ने भएकोले नजिकको स्वास्थ्य संस्था वा क्यान्सर अस्पतालमा परीक्षण गराउनु पर्दछः

- ❑ लामो समयसम्म खोकी निको नहुनु, खकारमा रगत देखा पर्नु ।
- ❑ खाना निल्न गाऱ्हो हुनु, स्वर परिवर्तन वा धोद्रो हुनु ।
- ❑ लामो समयसम्म कब्जियत हुनु, पातलो दिसा हुनु, दिसामा रगत देखापर्नु ।
- ❑ महिलाहरुमा महिनावारी नभएको बेलामा रगत देखिनु वा सहवास गर्दा रगत देखा पर्नु ।
- ❑ स्तनमा गाँठागुँठीहरु देखिनु, मुन्टोबाट रगत मिसिएको दूध आउनु ।
- ❑ शरीरमा गिर्खा, गाँठागुँठी देखिनु ।
- ❑ शरीरमा भएका कोठी र मुसाहरुको रंग बदलिनु वा आकार परिवर्तन हुनु ।
- ❑ छोटो समयमै शरीरको वजन घट्नु, रक्त अल्पता देखिनु ज्वरो आइरहनु ।
- ❑ धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिंगटा लाग्नु, आँखा धमिलो देखिनु वा कम्पन (मृगी) आउनु ।

**निम्न उपाय अपनाएमा क्यान्सर रोगबाट बच्न सकिन्छ :**

- ❑ चुरोट, बिडी, खैनी, सूर्ती, जाँड रक्सीको सेवन नगर्ने ।
- ❑ अखाद्य रंग, रासायनिक मल, किटनासक औषधि प्रयोग गरिएका खानेकुराहरु नखाने ।
- ❑ चिल्लो बोसोयुक्त खानेकुराहरु र धेरै नून नखाने ।
- ❑ बासी, सडेगलेको, ढुसी परेको खानाहरु र पोलेर डढेको मासुहरु नखाने ।
- ❑ मौसम अनुसारको हरियो सागपात, तरकारी र फलफूल दिनहुँ खाने ।
- ❑ धुलो, धुँवा, तथा वातावरणीय प्रदुषणबाट जोगिने ।
- ❑ महिलाहरुले नियमित रुपले गर्भासय स्रावको परीक्षण गर्ने ।
- ❑ स्तनमा गिर्खा, गाँठागुँठी छ छैन प्रत्येक महिना राम्ररी छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिने।
- ❑ आफ्नो गुप्ताङ्ग नियमितरुपले सफा राख्ने ।
- ❑ दिनहुँ शारीरिक व्यायाम गर्ने, अनावश्यक मोटापन घटाउने ।

**बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल**

**क्यान्सर रोकथाम, नियन्त्रण तथा अनुसन्धान विभाग**

**भरतपुर, चितवन, नेपाल**

## तपाईंको यो साता - ज्यो. पं. हरिशरण उपाध्याय
(२०७६ साउन १४ गतेदेखि साउन २० गतेसम्म)

**मेष** — *वादविवादले धन र मान हानि गराउन सक्छ । प्रियजनसँगको भेटघाटले सुरूआत रमाइलो रहनेछ । लगनशीलताले राम्रै फाइदा दिलाउनेछ । व्यापारिक यात्राको प्रक्रिया अघि पढ्न सक्छ । तर अर्थ उपार्जन राम्रै भए पनि आकस्मिक खर्च बढ्न सक्छ । मंगलबारपछि विरोधीहरु बढ्नाले काममा चुनौती देखापर्न सक्छ ।*

**वृष** — *आयस्रोत बढ्नुका साथै धन संग्रह हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । आम्दानी बढ्नाले धेरै काममा सफलता हातलागी हुनेछ । पछिसम्म फाइदा हुने काम प्रारम्भ गर्ने मौका छ । पहिलेका कामबाट राम्रै उपलब्धि हातपार्ने समय छ ।*

**मिथुन** — *अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला । नियमित काममा बाधा पुग्न सक्छ । ईर्ष्या गर्नेहरु बढ्नेछन् भने विरोधीहरुले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । काम गरेर पनि जस नपाइनाले मन खिन्न रहनेछ ।*

**कर्कट** — *मंगलबारदेखि केही अनियन्त्रित खर्च पनि हुनेछ । अर्थ अभावले काम समेत रोकिन सक्छ । कर्मप्राप्तिको समय छ । प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आफन्त र साथीभाइबाट काममा सहयोग मिल्नेछ ।*

**सिंह** — *केही अवसर प्राप्त भए पनि विवादले अप्ठ्यारोमा पार्न सक्छ । आलोचकहरुले आफ्ना छिद्र खोतल्ने प्रयत्न गर्लान्, गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला । मंगलबार र बुधबार स्थितिमा सुधार आउनुका साथै रोकिएका काम सम्पादन हुनेछन् ।*

**कन्या** — *छोटो समयमा केही लक्ष्य प्राप्त गर्न सकिनेछ । धेरैले आफ्ना कामको प्रशंसा गर्नेछन् । नजिकका साथीभाइ टाढिए पनि टाढाका साथीभाइसँग सम्बन्ध विस्तार गर्न सकिनेछ । पदासीन व्यक्तिसँग निकटता बढ्नेछ । प्रारम्भमा काममा बाधा पुर्याउनेहरु सक्रिय रहनेछन् ।*

**तुला** — *प्रतिस्पर्धामा उत्रनुपरे पनि हिम्मतले काम लिँदा लाभ मिल्नेछ । पुरूषार्थी काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ । लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । दिगो फाइदा हुने काम प्राप्त हुनेछ भने पारिवारिक भेटघाटले मन प्रफुल्लित हुनेछ। अरुको मन जितेर अवसर हात पार्न सकिनेछ ।*

**वृश्चिक** — *अस्वस्थताका बीच कामको जिम्मेवारी बढ्नाले मन दुस्खी हुनेछ । बाधा र केही चुनौती पनि देखिनेछन् । प्रतिकूल परिस्थितिका बाबजुद काममा सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । अरुको स्वार्थमा उपयोग भइए पनि लामो समयदेखि रोकिएको काम बन्नुका साथै नयाँ काम सुरू हुनेछ ।*

**धनु** — *पठनपाठनमा त्यति ध्यान दिन नसकिएला । स्वास्थ्यमा समस्या देखिन सक्छ । मंगलबारदेखि स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ । प्रतिद्वन्द्वीहरुलाई तह लगाउन सकिनेछ । व्यापारमा फाइदा होला । धेरै आवश्यकता पूरा गर्न सकिनेछ ।*

**मकर** — *सातामा केही उतारचढाव देखिए पनि मेहनत र होसियारीले धेरै काम सम्पादन गर्न सकिनेछ । दृढ इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ र जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । साताको प्रारम्भ उत्साहवर्द्धक रहनेछ । विभिन्न अवसर जुट्नुका साथै कर्मप्राप्ति हुनेछ ।*

**कुम्भ** — *प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन् । बेसुरमा वचन दिने बानीले काममा समस्या उत्पन्न होला । पेटको खराबीले पनि सताउला । पढाइलेखाइमा ध्यान दिन नसकिए पनि पारिवारिक आवश्यकता पूरा होलान् ।*

**मीन** — *प्रारम्भमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। आफ्ना विषयवस्तुमा अरुले अधिकार जमाउन सक्छन् । अचानक रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । मंगलबारपछि परिवारजनसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ । बिहीबारदेखि पहिलेका कमजोरी तथा बाधाहरु स्वतस् हट्नेछन् ।*

## समाचार

# खाद्य वस्तु निरीक्षण गर्न हेटौंडा

**अग्रता सम्वाददता**

भरतपुर । खाद्य निरीक्षण तथा गुण नियन्त्रण डिभिजन कार्यालय चितवनले गत आर्थिक वर्षमा एक सय खाद्य वस्तुको नमुना परीक्षणको लागि खाद्य निरीक्षण प्रयोगशाला हेटौंडा पठाएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा ६० पटक उद्योग र ४० पटक होटल तथा किराना व्यवसायहरूको गरिएको अनुगमनमा १० वटा उद्योग र ९ वटा होटल तथा किराना पसल बन्द गरेको थियो। तर, डिभिजन कार्यालय चितवनले एक जनालाई पनि मुद्दा भने दर्ता नगरेको डिभिजन कार्यालय प्रमुख बिक्की राउतले जानकारी दिए ।

यसअघि खाद्य तथा गुण नियन्त्रण कार्यालयको इकाइको रूपमा कार्यरत रहँदा ३० मुद्दा परेकोमा अहिले नयाँ खाद्य ऐन आए पछि मुद्दा दर्ता नभएको राउतले बताएका हुन् ।

अहिलेको ऐनमा उद्योगका लागि प्रष्ट नियम भए पनि होटल, किराना तथा अन्य साना व्यवसायको हकमा पहिलो पटकमा सुधार गर्ने मौका दिने प्रावधानका कारण मुद्दा दर्ता नभएको उनी बताउँछन्।

आम सर्वसाधारणले देखावटीको रूपमा मात्र अनुगमन हुने आरोप लगाइरहने खाद्य तथा गुण नियन्त्रण कार्यालयको काम प्रति उपभोक्ता भने खुसी छैनन् । उपभोक्तालाई ठगेर वा झुक्काएर व्यापार गर्ने, उत्पादन गर्नेहरूलाई पक्राउ गरेपछि छोड्ने वा पटके भन्दै छोड्दा अन्य व्यवसायीहरूलाई अनियमितता गर्ने बल मिल्ने उपभोक्ता अधिकार मञ्च चितवनका वरिष्ठ उपाध्यक्ष विष्णु भुसाल बताउँछन् । व्यवसाय गर्नेहरूलाई सुधार गर्न वा अनियमितता गर्नेलाई सही कार्य गर्न लगाउने काम खाद्य तथा गुण नियन्त्रण कार्यालयको हो ।

सानो गल्तीलाई कार्यालयले माफी दिने कार्यलाई सामान्यरूपमा माने पनि ठूला र जानीजानी गरिएका गल्तीहरूमा छुट दिँदा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्ने देखिन्छ। यस कारण साना र ठूला गल्तीलाई छुटाएर अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक छ ।

# महानगरद्वारा कानून निर्माणमा तीब्रता

**अग्रता सम्वाददाता**

भरतपुर । भरतपुर महानगरपालिकाले ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण कार्यलाई तीव्रता दिएको छ ।

संविधानले स्थानीय तहलाई दिएको अधिकारलाई प्रयोग गर्दै भरतपुर महानगरपालिकाले ऐन नियम, निर्देशिका र कार्यविधि गरी ३४ वटा कानुनहरू निर्माण गरेको हो ।

संघीय सरकारबाट प्राप्त नमूना कानुन समेतलाई आधार मानी हालसम्म ८ वटा ऐन, ४ वटा नियम, एक निर्देशिका, २० वटा कार्यविधि र एक आचारसंहिता निर्माण गरिएको भरतपुर महानगरपालिकाका प्रशासकीय अधिकृत नेत्रप्रसाद सुवेदीले जानकारी दिए । सुवेदीका अनुसार केही कानुनहरू तर्जुमाको क्रममा रहेका छन् ।

कानुनको अभावमा काम गर्न असहज भएपछि महानगरपालिकाले आफै कानुन निर्माण गरी काम गर्दै आएको उनले बताए ।

स्थानीय तहमा अहिले कामको बोझ छ । कतिपय कामहरू कानुनकै अभावमा रोकिएका छन्। त्यसलाई सहज बनाउनका लागि आफूहरू कानुन निर्माणमा लागिपरेका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताए ।

कानुन भएपछि काम गर्न केही सहज भएको बनेको सुवेदीको भनाइ छ । निर्वाचित जनप्रतिनिधिलाई काम गर्न सहज हुने गरी संघीय मन्त्रालयले आफैँ कानुन निर्माण गरी कार्यान्वयन गर्नसक्ने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले आवश्यकताका आधारमा कानुनहरू निर्माण गर्दै आएका सुवेदीले बताए ।

निर्देशिका र कार्यविधि महानगरपालिकाले बोर्ड बैठकले बनाउने




गर्दछ । ऐन बन्नको लागि नगरसभाबाट पारित हुनुपर्ने उल्लेख गर्दै सुवेदीले वर्षको दुई पटक नगरसभाको बैठक बस्ने भएकाले ऐन निर्माणका लागि समय कुर्नुपर्ने बताए ।


अहिलेसम्म भरतपुर महानगरपालिकाले शिक्षा ऐन-२०७५, भरतपुर महानगरपालिकाको आर्थिक ऐन-२०७४, सहकारी ऐन-२०७५, विनियोजन ऐन-२०७४, न्यायिक समितिले उजुरीको कारबाही र किराना गर्दा अपनाउनु पर्ने ( कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको) ऐन-२०७५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७५, सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७५, र नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन बनाइसकेको छ । यी सबै ऐन अहिले कार्यान्वयन भइसकेका छन् ।

नगरसभाबाट पारित भएर पनि मिडिया ऐन अझैसम्म कार्यान्वयनमा आउन नसकेको प्रशासकीय अधिकृत सुवेदीले बताए। सार्वजनिक निर्माण सम्बन्धी कानुन बहसको चरणमा रहेको उनको भनाइ छ।

यस्तै कार्यसम्पादन नियमावली-२०७४, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि नियमावली २०७४, भरतपुर महानगरपालिकाको खरिद नियमावली र नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७६ बनेको छ ।

निर्देशिका भने महानगरपालिकाले एउटा मात्र बनाउन सकेको छ । उसले आन्तरिक नियन्त्रण निर्देशिका २०७५ मात्र तयार पारको छ ।

A SCHENGEN COUNTRY
STUDY IN EUROPE
POLAND | PORTUGAL
University and courses of your choice
Programs
Bachelors
Masters
Features
- Easy Visa Procedures
- Educational Gap ? No Problem
- IELTS not required
- Cheap Tuition Fee
- Easy to get TRC
HIMALAYAN White House Education Consultancy
HIMALAN WHITE HOUSE EDUCATION CONSULTANCY
Head Office
Bagbazzar, Kathmandu
PH: 01-4244499
Chitwan Office
Sahid Chowk, Narayangarh (Above NCC Bank)
PH: 056-570565, Mob. 9855060764
E-mail:- hwhchitwan@gmail.com

आधुनिक एवं किफायती इन्जिनियरीङ प्रविधि
नयाँ नेपालको अपरिहार्य निधि
नगरपालिका नक्सा पास
आधुनिक एवं किफायति तथा भूकम्प प्रतिरोधि भवनको नक्सा डिजाईन
सबै बैंकहरूमा पेश गर्ने धितो मुल्याङकन
2D र 3D नक्सा डिजाईन


प्रबन्ध निर्देशक : ई .केशब अधिकारी
रेन्बो इन्जिनियरीङ कन्सल्टेन्सी
आँखा अस्पताल अगाडी ,भरतपुर ११ चितवन, मो. ९८५५०६३१५०

## कला/मनोरञ्जन

# 'उपहार' अभिनेत्री कृतिले गरिन् दोस्रो बिहे



'विश्वास', 'उपहार', 'उनको सम्झनामा' लगायतका फिल्ममा अभिनय गरेकी अभिनेत्री कृति भट्टराईले दोस्रो विवाह गरेकी छन् ।

'गहना', 'कसलाई आफ्नो भनुँ' टेलिसिरियलमा समेत अभिनय पस्किएकी उनले रोहित पौडेलसँग बुधबार दरबार मार्गस्थित लक्ष्मी नारायणको मन्दिरमा हिन्दू परम्पराअनुसार विवाह गरिन् ।

रोहित र कृतिको प्रेम विवाह रहेको जानकारी प्राप्त छ । रोहित पेशाले इन्जिनियर हुन् ।

विवाह समारोहमा दुलहा(दुहली दुबै पक्षका परिवारहरूको उल्लेख्य संख्यामा उपस्थिति रहेको थियो । कृति पछिल्लो समय काँचको पर्दाबाट टाढा छिन्। उनले राम्रो स्क्रिप्टबाट अफर नआएका कारण फिल्म नगरेको बताउँदै आएकी छन् ।

सञ्चारकर्मी तथा निर्देशक रवि श्रेष्ठसँग डिभोर्स भएपछि उनी लामो समय एक्लो जीवन विताउँदै आएकी थिइन् । रविसँग उनको प्रेम र अन्तरजातीय विवाह भएको थियो । केही महिनायता कृति नयाँ बानेश्वर थापागाउँको अर्ग्यानिक एस्प्रोसो कफी सप सञ्चालन गर्दै आइरहेकी छन् । उनी आरजे र भिजे समेत हुन् ।

–फिल्मीखबरबाट साभार







## सूचना/प्रविधि

# 'भीभो एपेक्स' नेपालमा सार्वजनिक

भीभो नेपालले आफ्नो दोस्रो कन्सेप्ट स्मार्टफोन 'भीभो एपेक्स २०१९' नेपालमा प्रदर्शन गरेको छ ।

कम्पनीले पहिलो पटक नेपालमा सुपर युनिबडी डिजाइनमा रहेको एपेक्स २०१९ को मिडिया लन्च गरेको हो ।

**इन डिस्प्ले फिंगरप्रिन्ट स्क्यानिङ्ग टेक्नोलोजी**

निरन्तर विभिन्न आविश्कारीक प्रविधिहरूको बिकास र बिस्तारमा लागिरहेको कम्पनीले मोबाइल उद्योगमा नै नेतृत्वदायीरूपमा पहिलो पटक इन डिस्प्ले फिंगरप्रिन्ट स्क्यानिङ्ग टेक्नोलोजी विकास गरेको हो ।

कम्पनीले हालसम्म १ करोड बढी इन डिस्प्ले फिंगरप्रिन्ट स्क्यानिङ्ग स्मार्टफोनहरू बिक्री गरिसकेको छ।

कम्पनीका अनुसार भीभो एपेक्समा भएको सुपर युनिबडी डिजाइनले कम्पनीले स्मार्टफोनको डिस्प्लेलाई थप महत्व प्रदान गरेको छ ।

यो फोनको डिजाइनले गर्दा स्मार्टफोन समात्न सजिलो हुन्छ भने फोनसँग अन्तरक्रिया सजिलोसँग गर्न सकिन्छ ।

कम्पनीले यही स्मार्टफोनको कन्सेप्टको आधारमा भीभो एक्स २० प्लस, भीभो एक्स२१, भीभो नेक्स, भीभो भी ११, नेक्स ड्यूल डिस्प्ले एडिसन र हालै नेपालमा सार्वजनिक गरिएको भी १५ सिरिजकास्मार्टफोनहरूमा इन डिस्प्ले फिंगरप्रिन्ट स्क्यानिङ्ग टेक्नोलोजी प्रयोग गरेको छ ।

यसमा राखिएको इन डिस्प्ले फिंगरप्रिन्ट स्क्यानिङ्ग टेक्नोलोजीद्धारा एक टचमा नै प्रयोगकर्ताले आफ्नो स्मार्टफोन अनलक गर्न सकिने कम्पनीको भनाइ छ ।

त्यसको लागि प्रयोगकर्ताले आफ्नो हातको औंलाको फिंगरप्रिन्ट स्क्यान गरेर प्रयोग गर्नुपर्दछ ।

भीभो एपेक्समा फूलभ्यू डिस्प्लेको अनुभव प्रदान गर्नको लागि कम्पनीले बडी साउण्डकास्टिंग टेक्नोलोजीको प्रयोग गरेको छ।

यसले गर्दा डिस्प्लेको भित्रबाट नै साउण्ड आउँछ र प्रयोगकर्ताहरूलाई भिडियो वा अडियो हेर्दा र सुन्दा उत्कृष्ट अनुभव हुन्छ ।

भीभो एपेक्सले चार्जिंग र डाटा ट्रान्सफरको क्षेत्रमा पनि आश्चार्यजनक परिवर्तन ल्याएको छ । कम्पनीले यसमा म्यागपोर्ट प्रविधि राखेको छ जसले गर्दा कनेक्टरलाई पोर्टको नजिक लग्दा आफैं जोडिने फीचर रहेको छ ।

**डुप्लेक्स पिसीबी डिजाइन**

एपेक्स २०१९ मा सबै स्लटहरूलाई हटाउँदा यो ५जी प्रविधिको स्मार्टफोन बनेको छ । तर ५जी मोड्यूलको लागि निकै ठूलो स्पेस आवश्यकता पर्दछ । तर भीभो एपेक्स २०१९ ले यसलाई समाधान गरेर आन्तरिक स्पेसलाई खुला गर्दै यूनिबडी ५जी फोन बनेको छ ।

**लिक्विड कुलिंग टेक्नोलोजी**

ब्याट्री तात्ने समस्याका लागि फोनमा कम्पनीले लिक्विड कुलिंग टेक्नोलोजी ल्याएको छ ।

**सिएमएफ**

भीभोले 'लेस डिजाइन, मोर टेक्नोलोजी'को दर्शनलाई पछ्याउँदै आएको छ ।

स्मार्टफोनको ग्लास ब्याक कभर कलरको लागि कम्पनीले निकै साधारण र प्राकृतिक कलरको छनौट गरेको छ ।

क्वर्ज ह्वाइट कलरले ग्लासको प्राकृतिक पारदर्शितालाई प्रदर्शन गर्दछ । टाइटन सिल्भर र मेटिओर ग्रे कलरले उच्चतहको प्रविधिको अनुभूत गराउँछ ।

समग्रमा यसको लूक शुद्धता, प्राकृतिक र सामान्य देखिन्छ ।त्यसैले भीभोले यो कम्प्लेक्स प्रविधिमा आफ्नो दक्षता देखाउँदै फूल सिएनसी इन्टिग्रेटेड ग्लास सेपिंग, इन्टिग्रेटेड ग्लास ग्राइण्डिंग, र इन्टिग्रेटेड पिगमेन्ट कोटिंगद्धारा एपेक्स २०१९ लाई बजारकै सबैभन्दा एडभान्स प्रडक्सन टेक्निंकका साथमा प्रदर्शन गरेको कम्पनीको दाबी छ ।

**पावरफुल परफरमेन्स**

एपेक्स २०१९ क्वालकम स्न्यापड्रागन ८५५ प्लेटफर्ममा आधारित रहेको छ । जसमा अहिलेसम्मकै उच्च स्तरको र्याम र स्टोरेज रहेको छ । फोनमा १२ जीबी र्यामका साथमा २५६ जिबी स्टोरेज रहेको छ । अनलाइनखबरबाट साभार



## बिचित्र विश्व

# चीनमा खुल्यो 'घाइते मुटुहरू'को संग्राहलय

दुनियामा केही मानिसहरू यस्ता हुन्छन् जसले अरू मानिसहरूले भन्दा फरक गरेर नाम र दाम कमाउन सफल हुन्छन् ।

चीनमा एकजना युवतीले यस्तै अनौठो र फरक काम गरेकी छिन् । २५ वर्षकी लियू यानले एउटा अनौठो म्युजियम खोलेकी छिन् । उक्त म्यूजियम घाइते मुटुहरूको संग्राहलय हो ।

उक्त संग्राहलयमा प्रेमी प्रेमिकाहरू सँग सम्बन्धित अनौठा सरसामानहरू देख्न पाइन्छ । उक्त संग्राहलयको नाम म्युजियम अफ ब्रोकन रिलेसनशीप अर्थात् टुटेको सम्बन्धको संग्राहलय हो ।

हेइलोंगजियांग प्रान्तस्थित हार्बिन सहरमा रहेको छ यो संग्राहलय । यो म्युजियम खुलेको २ हप्तामात्र हुन लागेको छ । तर सुरूवातमै यो यति हिट भएको छ कि अहिलेसम्म १५ हजार भन्दा धेरै जनाले त्यहाँको भ्रमण गरिसकेका छन् ।

यो म्युजियममा यस्ता सामानहरू राखिएका छन् जुन कुनै प्रेमजोडीहरूले प्रेम सम्बन्ध टुटिसकेपछि पनि जिवनभर चिनोको रूपमा राख्ने गर्दछन् । अर्थात् घाइते मुटुका नासोहरू त्यहाँ देख्न पाइन्छ ।

यो म्युजियम खोल्नुअघि उनले सोसल मिडियामार्फत एक पोष्ट गर्दै मानिसहरूसँग आफ्नो ब्रेकअप सँग सम्बन्धित सामानहरू आफुलाई दिनका लागि अपिल गरेकी थिइन् । ता कि त्यस्ता सामानहरू हेर्नका लागि मानिसहरू म्युजियम सम्म आउन् र आफ्नो पूरानो प्रेमको यादलाई पुनर्ताजगी गर्न सकून् ।

सोसल मिडियाको पोष्टसँगै उनलाई दुनियाभरबाट हजारौं कल आए । त्यस्तै ५० भन्दा धेरै मानिसले उनलाई १ सय भन्दा धेरै सामानहरू प्रदान गरे ।

उक्त म्युजियममा जोडीहरूले डेटिंगका क्रममा काटेका रेल टिकट देखि लिएर प्रेमपत्रहरू समेत रहेका छन् । त्यस्ता उपहारका जुत्ता, किप्याड मोबाइल देखि विवाहको ड्रेस पनि रहेका छन् ।

उनका अनुसार म्युजियममा राखिएका हरेक सामानहरूसँग एउटा न एउटा प्रेमकथा जोडिएको छ । कतिपय प्रेमकथाहरू वियोगान्त तथा दर्दनाक पनि छन् र कथा थाहा पाउँदा आगन्तुकहरूको आँखाबाट आँशु आउने गर्दछ ।


**एजेन्सीको सहयोगमा अनलाइनखबरबाट**

लेदोसहित सेफ्टी ट्याङ्की सफाइ गर्नु परेमा
भरतपुर : ९८५५०५२८२२
भरतपुर : ९८५५०६४६८६
टाँडी : ९८४५१११८२२
पर्सा : ९८५५०५७९२६
कावासोती : ९८४५१७७४२७

पत्रिका प्राप्त नभए : ९८५१२३५३११

## स्वास्थ्य

# घाँटी दुख्छ ? नआत्तिनुहोस्


डा सुनिलचन्द्र झा

"घाँटी दुख्नु, थुक निल्न गाह्रो हुनु, खाना निल्दा दुख्नु, घाँटीका ग्ल्यान्डहरु सुन्निनु, ज्वरो आउनु र पीडादायक खोकी लाग्नु एक साधारण रोग हो । समयमै उपचार गरे सजिलै निको हुन्छ ।"

**डा. सुनिलचन्द्र झा**

हाम्रो समाजमा एक पटक घाँटी नदुखेका मानिस बिरलै होलान् । धुलो, धुवाँ र फोहोरमैलाको प्रदूषणले महामारीको रूप लिन लागेको बेला त यसको प्रकोप झनै बढ्दो छ । सडकमा पदयात्री एवं बाहन चालकहरूले धुलोबाट बच्न मकुन्डोधारी बन्न विभिन्न किसिमका मास्कहरू लगाउनुपर्ने बाध्यता बढ्दो प्रदूषण र त्यसको खराबीबाट बच्ने चेतावनीको सूचक मान्नुपर्छ ।

हुन त घाँटी दुख्नु, थुक निल्न गाह्रो हुनु, खाना निल्दा दुख्नु, घाँटीका ग्ल्यान्डहरू सुन्निनु, ज्वरो आउनु र पीडादायक खोकी लाग्नु एक साधारण रोग हो । तर यसलाई राम्ररी विचार नपुर्‍याई हेलचेक्र्याई गरेमा जिन्दगीभर पछुताउनुपर्ने गरी मुटु एवं मिर्गौला जस्ता डरलाग्दा र खर्चिला रोग लाग्ने सम्भावना हुन्छ । त्यसैले घाँटीको दुखाइलाई समयमै निदान र उपचार गर्नुपर्छ ।

घाँटी दुख्नुको कारण उमेर हेरी विभिन्न ब्याक्टेरिया, भाइरस र अन्य कारक तत्वहरूले हुनसक्छ । पाँच वर्ष मुनिका बालबालिकामा खासगरी भाइरस जस्तै इन्फ्लुएन्जा र विभिन्न किसिमका रइनो र एडेनो भाइरस (रूघाखोकी) का कारण घाँटी दुख्ने गर्छ । यो रोगमाथि थप जिवाणु (**ब्याक्टेरिया**) को आक्रमण नभएमा साधारण उपचार र निश्चित समय खासगरी एक हप्ताभित्र आफैं कम हुनेगर्छ ।

पाँच वर्षदेखि १५ वर्ष उमेरका बालबालिकामा घाँटी दुख्नाको कारणमा स्ट्रेप्टोकोक्काई, हर्पेन्जाइना, डिप्थिरिया, माइकोप्लाज्मा, इन्फेक्सियम, मोनोन्युक्लियोसिस, (कोक्साकी भाइरस) र भिन्सेन्ट्रस एन्जाइना (फ्युजोब्याक्टेरिम्) छन् ।

माथि उल्लेखित विभिन्न जिवाणुबाट हुने रोगहरूमा स्ट्रेप्टोकोक्कल फाग्रिन्जाइटिस र डिप्थिरियाले धेरै बालबालिकाको ज्यानै लिने खतरा हुन्छ । खासगरी स्टेप्टोकोक्कल फाग्रिन्जाइटिसको उपचार समयमै भएन भने रूमायुटिक फिभर (बाथ ज्वरो) अनि रूमायि्टक मुटुको रोग लाग्ने तथा मिर्गौलामा अतिक्रमण भई मिर्गौला नै काम नलाग्ने हुनसक्छ । त्यसैले यी रोगबारे विस्तृत छलफल गर्नु आवश्यक देखिन्छ ।

स्ट्रेप्टोकोक्कल फाग्रिन्जाइटिस हुँदा अचानक घाँटी दुख्ने, थुक अथवा खाना निल्दा दुख्ने, ज्वरो आउने, खानामा रूचि घट्ने र जाडो लागेर थरथर काँप्ने हुन्छ । घाँटीका ग्ल्यान्डहरू बढ्ने हुन्छ । यो सरूवा रोग हो र रोगीका थुकका छिटा र खानामा स्ट्रेप्टोकोक्कस मिसिँदा सर्ने गर्छ । घाँटीको भित्री भागमा एकदम रातो हुने, सुन्निने, टन्सिल बढेर पिप जमेका थोप्लाहरू देखिने हुन्छ ।

हुन त यो रोग ३ देखि ५ दिनमा कम हुनेगर्छ तर यसका किटाणु र मुटु एवं मिर्गौलाका केही खास प्रोटिनहरू एकै किसिमका हुनाले किटाणुहरूलाई मार्न शरीरमा उत्पन्न किटाणु विरूद्धका तत्व एन्टिबडीले शरीरको आफ्नै भागको पनि नाश गर्छ । तसर्थ यस्तो क्रिया हुन नदिन यो रोगको प्राथमिक निदान र उपचार नितान्त आवश्यक छ ।

डिप्थिरिया अचेल भ्याक्सिनको प्रयोगबाट निकै नै कम देखिन थालेको छ । यसमा बच्चाको घाँटी दुख्ने र घाँटीमा सेतो जाली जस्तो देखिने हुन्छ । डिप्थिरिया लागेका बालकहरूलाई श्वास लिन पनि गाह्रो हुन्छ र यो रोग लागेको शंका लाग्नेबित्तिकै अस्पताल लगिहाल्नुपर्छ ।

स्ट्रेप्टोकोक्कल फाग्रिन्जाइटिस लागेका बिरामीको उपचार सजिलो छ । पेनिसिलिन इन्जेक्सन, पेनिसिलिन चक्की वा पेनिसिलिनबाट बनेका विभिन्न क्याप्सुलहरू दिएमा ठिक हुन्छ । पेनिसिलिनको एजर्ली भएकालाई इरिथ्रोमाइसिनले पनि ठिक गर्छ । यसका साथै तातो नुनपानीले कुल्ला गर्नु, तातो सुप एवं अन्य झोल पदार्थ खान दिने गर्नाले आराम हुन्छ । यो रोग लागेका व्याक्तिको जुठो अरूलाई नख्वाउनाले सर्ने सम्भावना कम हुन्छ ।

वयस्क र बृद्ध तथा उच्च रक्तचाप भएका व्यक्तिलाई घाँटी दुख्यो भने मुटुका धमनीको रोगको एक लक्षण, एन्जाइना पनि हुनसक्छ । यदि हिडडुल गर्दा घाँटी दुख्ने, रोक्किँदा कम हुने, घाँटी दुखाइको साथसाथै स्वाँस्वाँ आउने, ठण्डा पसिना आउने, मुटुको गति बढ्ने जस्ता लक्षण देखिएमा तुरून्तै अनुभवी तथा विशेषज्ञ डाक्टरको सल्लाह लिनुपर्छ ।

**–स्वास्थ्यखबरबाट साभार**




# खेलाडीलाई ट्र्याक सुट

**अग्रता सम्वाददाता**

भरतपुर । चितवनमा सम्पन्न ११औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनौट भएका खेलाडीहरूलाई पोशाक वितरण गरिएको छ । जिल्ला खेलकुद विकास समिति चितवनको आयोजनामा जिल्लाका एक सय जना खेलाडीहरूलाई ट्र्याक सुट वितरण गरिएको छ ।

उद्योग संघ चितवनको सहयोगमा समितिले पोशाक वितरण गरेको हो । कार्यक्रममा जिल्ला खेलकुद विकास समिति चितवनका अध्यक्ष गंगालाल लामाले उद्योग संघको ५० थान तथा खेलकुद विकास समितिको ५० थान गरी पोशाक वितरण गरिएको बताए ।

३ नम्बर प्रदेश स्तरीय खेलकुद विकास समितिका कारण यस पटकको राष्ट्रपति रनिङ शिल्डको राष्ट्रिय प्रतियोगितामा ३ नम्बर प्रदेशले सहभागिता जनाउन नपाएको प्रति लामाले खेद प्रकट गरेका छन् ।

केही प्राविधिक त्रुटीका कारण ३ नम्बर प्रदेशले सहभागिता जनाउन नपाएको उल्लेख गर्दै लामाले अर्को वर्षका लागि राम्रो तयारी गरेर अगाडि बढ्नुपर्ने बताए ।

११औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विजेता भएका विद्यालयलाई सोही कार्यक्रम मार्फत प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

कार्यक्रममा जिल्ला खेलकुद विकास समिति चितवनका निवर्तमान अध्यक्ष एवम् ३ नम्बर प्रदेश स्तरीय खेलकुद विकास समितिका सदस्य उत्तम गुरूङले यस पटक जिल्लाको खेलकुद गतिविधिमा राम्रो सुधार भएको बताए ।

जिर्ण बन्दै गएको कबर्ड हल मर्मत सम्भार हुनु, खेलाडीलाई प्रोत्साहन गरिनुजस्ता कामले खेलकुदको विकासमा राम्रो संकेत मिलेको बताए ।

यसैबीच, जिल्ला खेलकुद विकास समिति चितवनले जिल्लाको खेलकुद गतिविधिमा महत्वपूर्ण सहयोग गरेको भन्दै जिल्लाका १० वटा विभिन्न खेल संघहरूलाई १० हजारका दरले रकम प्रदान गरेको छ ।

खेलकुद विकास समिति चितवनले सितेरियो कराँते संघ, नेपाल तेक्वान्दो संघ, राष्ट्रिय तेक्वान्दो संघ, एथलेटिक्स संघ, मुवा थाई संघ, बक्सिङ संघ, भलिबल संघ, जापान गुजेरियो कराँते संघ, बुद्धिचाल संघ र फुटबल संघलाई खेलकुद सामग्रीका लागि सवलिकरण गर्न भन्दै १० हजार रूपैयाँका दरले रकम प्रदान गरिएको कार्यालय प्रमुख रामजी ढकालले जानकारी दिए ।

तपाईंको शहरमा ..........
हाम्रा सेवाहरु:
❖ Computer Sales and Maintainess, Networking, home services, Annual maintenance contract (AMC)
❖ Repair- Hardisk, CD-ROM, Motherboard Printer, Fax, Monitors, Power Supply Saler etc.
SKYLAND INTERNATIONAL
प्रेम सुपरमार्केट, शहीदचोक, नारायणगढ

# कमलाको कमाल

**व्यक्ति/व्यक्तित्व-शान्ता अधिकारी**

महिला जसलाई समाज घर अनि परिवारले सहयोग गर्ने हो भने पक्कै पनि एक दिन सफलताको सिढीमा उक्लन उनलाई कसैले पनि रोक्न सक्दैन। आफ्नो श्रीमानको जिम्मेवारी अनि सहयोगी भावनालाई आत्मसाथ गर्दै अघि बढीरहदा सफल भईन्छ भन्ने उदारणीय नाम हो कमला भट्टराई ।

परिवार, समाज, विभिन्न संघ संस्था र राजनीतिमा आफुलाई सफल बनाउदै अहिले कालिका नगरपालिकाको उपमेयर हुन उनी सफल भएकी छन् । वि सं २०२१ चैत्र २१ गते बुबा शम्शेर बानिया र आमा अम्बिका बानियाको कोखबाट उनको जन्म भयो। नौ सन्तान मध्य माईली सन्तान हुन उनी । उनको बाल्यकाल निकै सुखद संग वित्यो । सम्पन्न परिवारमा जन्मेका कारण उनलाई खान लाउन र पढ्नको कुनै कमि भएन । बाल्यकाल रमाईलो संग बित्दै थियो। समय सधै एकनाश नहुने। जेठी दिदीले १४ वषमा नै भागेर विवाह गरेपछी उनीलाई पनि विवाह गर्न दवाव आयो। सानै उमेर थियो। कक्षा आठमा अध्ययन गर्दै थिईन। हजुरवा हजुरआमाको सोचाई नातीनीलाई कन्यादान गर्नुथियो । जसले गर्दा १६ वर्षमा पाईला टेक्दै गर्दा नै उनको विवाह चितवनको पदमपुर निवासी कृष्ण भट्टराईसंग विवाह भयो ।

सानै उमेर भएपनि उनमा निडरता थियो । केही गरौ भन्ने भावना थियो। श्रीमान पनि गाँउ ठाँउमा राजनीति गर्ने उनलाई अब के चाहियो । दुवैजना एकरथका दुई पाग्रा भएर अगाडी बढ्दै गए । यसरी अगाडी बढ्दै जादा दुई छोरी र दुईछोराको जन्म भयो । दुबै जना मिलेर बालबच्चा हुर्काउने र घरको काम गर्दैगर्दा उनी समाजमा हुने हरेक गतिविधिमा निगरानि बढाउन थालिन। उनको त्यो लगाव देखेर श्रीमानले कमलालाई अगाडी बढ्न प्रोत्सान गरेर र आफुले घर परिवार सम्हालन थाले। उनी वरपरका दिदी बहिनीहरूको समस्या सुन्न र समाधानको बाटो खोज्न थाल्थीन । उनी आफ्नो विगत सम्झदै भन्छिन्,"सानै उमेरमा विवाह गरे पनि ममा कम्युनिष्ट बिचारधार थियो। घरमा कोही काँग्रेस त कोही राप्रपा हुनुहुनथ्यो। म मात्रै कम्युनिष्ट । सुरूमा त मलाई घर बाहिर आउन नै गाह्रो भयो । तर महिलाको सानो भन्दा सानो हिंसाले पनि छुन्थ्यो । एक दिन छिमेकी एक जना महिला माथी बलत्कार भयो। मैले नेतृत्व लिएर त्यस बलत्कारीलाई ५० रूपैया




जरीवाना तिराए । जरीवाना तिरे पनि त्यो महिलाको ईज्जत र मनभित्र परेको पिडा फरकर्ने वाला थिएन। महिलाहरू आफै सक्षम नभएसम्म यो समस्या अझै बिकराल बन्दै जान्छ भने सोचेर दिदी बहिनीहरूलाई विस्तारै समुहमा आवद्ध गराउदै लगे। "

उनी आफ्नो विगत सुनाउदै जान्छिन् "हामिपुरानो पदमपुरमा थियौ। त्यतिबला सरसफाईको अवस्था बिकराल थियो। पदमपुर गाविससंग सहकार्य गरेर २०४२ सालमा सरसरफाई अभियान सञ्चालन गरे । जाडरक्सी खाने र हो हल्ला गर्नेको जगजगी थियो । त्यसलाई नियन्त्रण गर्ने रक्सी बनाउनेको घरमा नै पुगेर रक्सी फाल्ने अभियान दिदी बहिनीसंग मिलेर गरे । वरपरका दिदी बहिनीहरू सबै सचेत भैसकेको थिए । आफैले केही गर्नु पर्छ भन्ने भावना सबैमा थियो । त्यसैको फलस्वरूप पदमपुर सहाकरी सञ्चालनमा आयो । त्यससंगै महिलाहरूमा बचत गर्ने बाँनिको बिकास हुदै गयो ।" यस्ता सामजिक काम गर्दा उनलाई समसया नआएका ओईनन्। तर जीवनमा हरेक पल सबै कुरा सम्भव हुन्छ भन्ने छैन। साना-ठूला बाधा हरेक क्षणक्षणमा आइलाग्छन् । हुन पनि चुनौतीबिनाको जीवन जिउनुको मज्जा हुँदैन । जीवनलाई चुनौतीसँगै सफल बनाउदै अगाडी लैजानु नै जीवन भएको उनको अनुभव छ।

२०६० सालमा नयाँ पदमपुरमा कमलाको परिवार स्थानान्तरण भयो । यहाँ आईसकेपछी पनि उनले आफ्नो अभियानलाई अगाडी बढाई रहीन्। चौधरी समुदायको बाहुल्यता थियो । त्यस समुदायका दिदी बहिनीहरू आफ्ना समस्या लिएर उनीकाहाँ आउन थाले । त्यसरी नै अगाडी बढ्दै जादा अव महिलाहरूको सशक्तिकरणका लागि केही गर्नुपर्छ भन्ने सोच उनीमा आयो। उनले डब्लुडब्लुएफ संग सहकार्य गरेर एक हजार परिवारलाई सुधारिएको चुलो जोड्ने काम गरिन्।

जस्ले रातदिन जंगल जानु पर्ने बाध्यता त हट्यो भने वन जंगलको संरक्षणमा पनि महत्वपूर्ण योगदान भयो । त्यसैगरी डब्लुडब्लु एफको सहकार्यमा नै महिला सशक्तिकरणका तालिम बाख्रा वितरण जस्ता कार्यक्रमहरू गदै महिलाहरूलाई आर्थिक र सामाजिक रूपमा अगाडी बढाउने काम उनले गरीन्।

समाज रूपानतरणमा उनका पाईलाहरू अगाडी बढीरहे । समाजका जल्दा बल्दा समस्याले उनलाई सधै पिरोलि रहने । यसको फलस्वरूप समाजमा फेरी एपचाईभी पोजेटिभ भएका मानिसहरू देखिन थाले । पदमपुर नयाँ बस्ती थियो। धेरै समुदायका र विचारका मानिसहरू यहाँ बस्थे । यो बिकराल अवस्था नआउन दिनका लागि चितवन सक्रिय महिला प्रतिष्ठनसंग हातेमालो गरिन् । २१ जना महिलाहरूलाई समुहमा आवद्ध गराए समुह गठन गरिन। त्यस समुहले एचआई भी पोजेटिभलाई नियमित औषधी खान सिकाउने। जचाँउन भरतपुर ल्याउने लैजाने र समाजमा यस सम्बन्धमा जनचेतना फैलाउने काम गर्थ्यो।

घर परिवार सामाजिक काम संगसगै उनको राजनीतिक यात्रा पनि साथै हिडीरहेको थियो। पदमपुर गविसमा नेकपा एमालेको गाउँ कमिटी गठन हुदा उनी एक मात्र महिला थिईन । पुरूषहरूसंग सहजताका साथ उनी काम गदै र अन्य दिदी बहिनीहरूलाई राजनतिनीमा आवद्ध गराउदै लैजाने अगाडी बढीरहीन्। २०४६ सालमा युवा संघको सदस्य, नेकपा एमाले पदमपुर गाविस पार्टी प्रतिनीध र दूई कार्यकाल उपाध्य भएर काम गरेको अनुभव उनीसंग छ। त्यसैगरी २ नम्बर क्षेत्रको क्षेत्रीय सदस्य र अनेमसंघको जिल्ला सदस्य भएर समेत उनले काम गरीन्। यसरी घर परिवार देखि आफ्नै वरपरका दिदी बहिनीहरूको मनमुटुमा सदा वस्न सफल भएकै कारण उनलाई कालिका नगरपालकाको उपमेरमा चुनाव जित्न गाह्रो भएन।

कालिका नगरपालिकाको उपमेर हुदैगर्दा विभिन्न जिम्मेवारीहरू उनको काधमा रहेका छन् । त्यसलाई उनले सफलताका साथ सम्पन्न गर्न सकेकी छन् । भन्छिन् म विभिन्न समितिहरूको जिम्मेवारी लिएको छु त्यसमा पनि न्यायीक समितिमा बसेर काम गर्दा सबैलाई न्याए दिन सके जस्तो लाग्छ। जीवनको उर्जाशिल महिलालाई कसरी आर्थिक, सामाजिक र सामाजिक हैसियतमा माथि उकास्न सकिन्छ भनेर लागेकी छन् । महिला तथा बालबालिकाको क्षेत्रमा विषेश योगदान समेत पुऱ्याउदै आएकी उनी पुरूषप्रधान समाजका लागि हठ सोच भएकी व्यक्ति हुन्।

आँफूलाई सफल बनाउन धेरै संघर्ष गरेकी उनी आम महिलाहरूलाई घर परिवार व्यव्स्थापन गर्दै बाहिर आउन आग्रह गर्छिन्।

# महानगरमा नमूना ग्रिन बेल्ट

**अग्रता सम्वाददाता**

भरतपुर । भरतपुर महानगरपालिकाभित्र बाइपास रोडको समानान्तर हुने नेपालमै नमुना ग्रिन बेल्ट बनाइने भएको छ । ग्रिन बेल्टबारे शनिबार भरतपुर महानगरपालिका-११ मा स्थानीय सरोकारवालाहरूसँग छलफल भएको हो । ग्रीन बेल्टको भरतपुरमा रहेको साउथ वेस्ट मल्टीप्रपोज कन्सल्टले डीपीआरको निर्माण गरिसकेको छ ।

चितवनका प्रदेश सांसद विजय सुवेदीले भरतपुरको बसेनीबाट नहरचोकसम्म रहेको प्रयोगमा नआउने नहरमासेर ग्रीन बेल्ट बनाउन लागिएको जानकारी दिए । उनले भने, यसबारेमा पहिले देखिनै चर्चा र छलफल भएको थियो । नहर मासेर सडक बनाउनु हुँदैन भन्ने सोचेर ग्रिन बेल्टको अवधारणा ल्याइएको छ । उनले यस हरित मार्गमा साइकल र मानिसहरू मर्निङवाकमा हिड्ने गरी पार्कको रूपमा निर्माण गरिने बताए । बाइपास रोडको समानान्तर हुने गरी यो हरित मार्ग बसेनीबाट नहरचोकसम्म फैलिनेछ ।

यस मार्गको डीपीआर बनाएका इन्जिनियर पुरन सुवेदीले जम्मा १.४३ किलोमिटर रहने यस हरित मार्गको बीचमा बगैंचा र छेउछेउमा तीन मिटर वाकिङ स्ट्रिट रहने जानकारी दिए। उनले बगैंचामा फलफूलका बुटाहरू रोपिने बताए। उनले भने, यस मार्गमा हेभी गाडीहरू हिड्न निषेध गरिने छ। नेपालमा यसप्रकारको सडक नभएको तर दार्जलिङमा यस्ता सडकहरू देखिन्छ । हाम्रो लागि यो सडक नमुना नै हुन्छ । इञ्जिनियर सुवेदीले नौ मिटर देखि १८ मिटरसम्म फराकिलो हुने यस मार्ग निर्माणको लागि पाँच करोड लाग्ने जानकारी दिए।

उनले बनाएको डीपीआरलाई नगरपालिकाले पास गरिसकेको छ । भरतपुर महानगरपालिका-११ मा अहिले कौशी खेतीदेखि घरघरमा बगैंचा र ग्रिन बेल्टको अवधारणा आएको छ। यसले साकार रूप लिए भरतपुर नमुना शहर बन्नेमा कसैको दुईमत नरहने स्थानीयले बताएका छन्। बसेनीका कृष्ण अधिकारीले योजना बन्नु राम्रो हो तर समयमा पूरा हुनेमा आफूलाई शंका लागेको बताए।

# सडक मर्मत गर्न निर्देशन

**अग्रता सम्वाददाता**

रत्ननगर। रत्ननगरमा निर्माण गरिएको चार लेन सडक बिग्रिएर आलोचनाको शिकार बन्न थालेपछि रत्ननगर नगरपालिका प्रमुख नारायण वनले डिभिजन सडक कार्यालय भरतपुरलाई तत्काल सडक मर्मत गर्न निर्देशन दिएका छन्।

डिभिजन सडक कार्यालयका प्राविधिकलाई भरतपुर पुगेर आफैले सडक भत्किएको स्थानमा ल्याई स्थलगत अनुगमन गराएपछि वनले तत्काल मर्मतको काम थाल्न निर्देशन दिएका हुन् । रत्ननगरको लौरीघोलदेखि निपनीसम्मको चार लेन सडकको दक्षिण तर्फको बाटोको अवस्था नाजुक भएपछि मेयर वनले चासो देखाएका हुन्। सो सडकका कारण यहाँका जनप्रतिनिधीहरूले वदनामी खेप्नु परेको मेयर वनको भनाइ छ । सडक मर्मतका लागि रत्ननगर नगरपालिकाले सडक डिभिजन कार्यालयलाई विहीबार पत्राचार गरेको थियो।

अनुगमनका क्रममा मेयर वनले सडकका कारण जनप्रतिनिधीले वदनामी खेप्नु परेकोमा आक्रोस पोख्दै प्राविधिकलाई एक साता भित्र विग्रीएको सडक मर्मत गरिसक्न निर्देशन दिए। विग्रिएको सडककै कारण प्रत्येक दिन जसको दुर्घटना भईरहेका छन्। श्रेष्ठ कन्ट्रक्सन प्रालिले १९ करोड ७० लाख रूपैयाँमा निर्माणको सम्झौता गरी काम गरेको थियो। तर एक वर्ष वित्न नपाउँदै सडक भत्किन थालेको छ।

यसैबीच, रत्ननगर उद्योग वाणिज्य संघले पूर्वपश्चिम राजमार्गको रत्ननगर क्षेत्रमा सडकको अवस्था दयनीय भएको प्रति सडक डिभिजन कार्यालयको ध्यानाकर्षण गराएको छ। संघका अध्यक्ष राजाराम रेग्मी सहित उपाध्यक्षहरू भीमनारायण श्रेष्ठ, शंकर गिरी, सदस्यहरू उपेन्द्र आचार्य, पुरू खनालको टोलीले सडक डिभिजन कार्यालयमा पुगि कार्यवहाक कार्यालय प्रमुख गीताञ्जली कोईरालालाई ध्यानाकर्षण पत्र वुझाएको हो। सडक विग्रदा ठुलो दुर्घटना हुने खतरा वढ्नुका साथै धुलाको कारण व्यवसायलाई प्रत्यक्ष असर गरेको भन्दै तत्काल मर्मत गर्न पत्र वुझाएको हो।

# बोस्टन फिएस्टा २०१९ सम्पन्न

**अग्रता सम्वाददाता**

चितवनको भरतपुरमा बोस्टन फिएस्टा २०१९ भएको छ। बोस्टन इन्टरनेशनल कलेजको आयोजनामा शुक्रबारदेखि सुरू भएको फिएस्टा आइतबारसम्म सञ्चालन भएको थियो ।

कलेजको व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको फिएस्टाको उद्घाटन उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सहनलाल प्रधानले गरेका छन् । युवा विद्यार्थीहरूले कार्यक्रम गर्नु सुखद भएको बताउँदै प्रधानले यस खालका कार्यक्रमको व्यवस्थापन तथा आयोजनाले विद्यार्थीलाई व्यवसाय गर्ने आधार तयार हुने बताए। रोजगार भन्दा पनि स्वरोजगार गरेर प्रगति गर्न सकिने उल्लेख गर्दै प्रधानले युवाहरूलाई उद्यमी बन्नका लागि सुझाव दिएका छन्।

बोस्टन फिएस्टा २०१९ को उद्घाटनका क्रममा शिक्षाविद् रमाकान्त सापकोटा, युवा उद्यमी मञ्च चितवनका अध्यक्ष दाताराम घिमिरे, क्षेत्रीय होटल संघ चितवन सौराहाका अध्यक्ष सुमन घिमिरे, चरा विद् टिका गिरी, वाइल्ड लाइफ फोटो ग्राफर सागर गिरी, कलेजका कार्यक्रम निर्देशक ऋषिराम चापागाइलगायतले युवा विद्यार्थीहरूलाई उत्प्रेरणामूलक मन्तव्य राखेका थिए।

बोस्टन इन्टरनेशनल कलेजका निर्देशक राजु लामाको अध्यक्षतामा भएको फिएस्टाको उद्घाटन कार्यक्रममा इभेन्ट म्यानेजर सौरन रिजालले स्वागत मन्तव्य राखेका थिए । तीन दिनसम्म सञ्चालन भएको फिएस्टामा विद्यार्थीहरूको १० वटा स्टलसहित अन्य ३५ वटा स्टलहरू रहेका थिए।

कार्यक्रमको आकर्षणको रूपमा लोक गायक प्रकाश सपुत, आधुनिक गायक कमल खत्री, अलि ब्रदर्श, नेपाल आईडलकी अस्मिता अधिकारी, कमेडी सर्कलका सुजन जिम्बा, सिम्रन पाण्डे, मिस नेपाल सुगारिका केसीलगायतका कलाकारहरूले आफ्नो प्रस्तुती रहेको थियो । सो फिएस्टा व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरि आयोजना गरिएको हो।

यस साप्ताहिकमा आफ्ना लेख, रचना तथा विभिन्न खोजमुलक सामाग्री प्रकाशन गर्नु परेमा सम्पर्क गर्नुहोस् । -सम्पादक

अग्रता साप्ताहिक

weeklyagrata@gmail.com













